# सार्कस्तरीय गोष्ठी

Asia-Pasific Commnunity of Practice on Managing for Development Results (APCOP) र Asian Development Bank, South Asia Department & Nepal Resident Mission को संयुक्त तत्वावधानमा महालेखापरीक्षकको कार्यालयले काठमाडौंमा ३ देखि ७ मार्चसम्म सञ्चालन हुने ५ दिने सार्क क्षेत्र स्तरीय "Result - Based and Hormonized Project Reporting & Auditing in Nepal - Special Focus on Donor Funded Project" विषयक कार्यशाला गोष्ठीको आयोजना गरेको छ ।

महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले पानसमा बत्ती बाली उद्घाटनका साथै मन्तव्य दिनुभएको थियो । उहाँले आफ्नो मन्तव्यमा दातृ निकायको सहयोगमा सञ्चालित आयोजना हिसाबको लेखापरीक्षण र प्रतिवेदनमा एकरुपता कायम गर्न र नतिजामूलक बनाउन यो कार्यशाला उपयोगी हुने धारणा व्यक्त गर्नुभयो । उक्त कार्यशालामा महालेखा नियन्त्रक श्री सुमनप्रसाद शर्मा र सिनियर पब्लिक म्यानेजमेन्ट स्पेशलिष्ट श्री सिद्धान्त विक्रम (नेपाल रेसिडेन्ट मिसन एडीबी) ले उद्घाटन मन्तव्य र उप–महालेखापरीक्षक श्री जनकराज गौतमले स्वागत मन्तव्य दिनुभएको थियो ।

उक्त कार्यशालामा महालेखापरीक्षकको कार्यालयबाट २७, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनमा आबद्ध भारत, बंगलादेश, श्रीलंका, माल्दिभ्स, भुटान, अफगानिस्तान र पाकिस्तानका सर्वोच्च लेखापरीक्षण संस्थाका १/१ सहित ३४, महालेखा नियन्त्रक कार्यालयका ५ र नेपाल विद्युत प्राधिकरणसहितका २ समेत ४१ जनाको सहभागिता रहेको छ ।

यो कार्यशालबाट विदेशी सहयोगबाट सञ्चालित आयोजनाहरुको आयोजना हिसाब प्रमाणीकरण गर्ने सम्बन्धमा हाल अपनाई आएको प्रक्रिया, सोमा भएका कमी कमजोरीका सम्बन्धमा व्यापक छलफल भई सबै दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनमा आबद्ध सर्वोच्च लेखापरीक्षण संस्थाबाट जारी गरिने आयोजना हिसाबमा एकरुपता कायम गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।